**सर्वोच्च अदालत, संयुक्त इजलास**

**माननीय न्यायाधीश श्री दीपककुमार कार्की**

**माननीय न्यायाधीश डा. श्री मनोजकुमार शर्मा**

**आदेश**

**०७४-WO-०९२६**

**विषयः- उत्प्रेषण।**

ललितपुर जिल्ला, ललितपुर महानगरपालिका, वडा नं. २० बस्ने जनकराज तुलाधरकी छोरी, अधिवक्ता इन्दु तुलाधर ------------------------------------------------१

जिल्ला ताप्लेजुङ, साविक खेवांग गा.वि.स., वडा नं. ८ पेदांग घर भई ललितपुर जिल्ला, ललितपुर महानगरपालिका, वडा नं. २५ सैंबु भैंसीपाटी बस्ने तार्छेदिप भण्डारीको छोरा वरिष्ठ अधिवक्ता डा. सुरेन्द्र भण्डारी ------------------------------१

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. ४ बस्ने निमा नोर्बु शेर्पाकी छोरी मोना शेर्पा ------------------------------------------------------------१

निवेदक

ओखलढुंगा जिल्ला, साविक बरुनेश्वर गा.वि.स. वडा नं. २ घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. १० नयाँबानेश्वर बस्ने राजेन्द्र प्रसाद दाहालकी छोरी युत्सा दाहाल ------------------------------------------------१

संखुवासभा जिल्ला, साविक मादी मुलखर्क वडा नं. ९ घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १० नयाँबानेश्वर बस्ने इन्द्रकुमार कार्कीकी छोरी सुमिना कार्की ---------------------------------------------------------------१

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. २ बस्ने अकल बहादुर सिंहकी छोरी अमिना सिंह -----------------------------------------------------------१

पर्वत जिल्ला, साविक रानीपानी १ घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. १० नयाँबानेश्वर बस्ने दिलप्रसाद न्यौपानेकी छोरी स्मृती आर.डी.एन.न्यौपाने ---------------------------------------------------------१

मकवानुपर जिल्ला, साविक हेटौंडा न.पा. वडा नं. ५ घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. १० नयाँबानेश्वर बस्ने बलराम शर्मा अर्यालकी छोरी उषा अर्याल ---------------------------------------------------------------१

भोजपुर जिल्ला, छिनामखु गा.वि.स. वडा नं. ४ बस्ने विलाशचन्द्र राईकी छोरी प्राणीका कोयू ---------------------------------------------------------------------------१

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. २३ बस्ने गोविन्द प्रसाद रंजितकारको छोरा बसन्त प्रसाद रंजितकार -----------------------------------------१

ललितपुर जिल्ला, ललितपुर महानगरपालिका, वडा नं. ७ बस्ने रमेश चित्रकारकी छोरी नशला चित्रकार ----------------------------------------------------------------१

भोजपुर जिल्ला, ठूलो दुम्मा वडा नं. ६ घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. १० नयाँबानेश्वर बस्ने वृत वान्तवा(राई) की छोरी कैलाश रानी राई -----------------------------------------------------------------------१

दार्चुला जिल्ला, ऊकु वडा नं. ४ स्थाई बसोबास भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. ४ बस्ने सुरेन्द्र बहादुर पालकी छोरी श्रद्धा पाल ----------१

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. २ बस्ने शुकु बहादुर डंगोलको छोरा महेश डंगोल --------------------------------------------------------------१

**विरुद्ध**

श्री निर्वाचन आयोग, निर्वाचन आयोगको कार्यालय कान्तिपथ काठमाडौं नेपाल -----१ विपक्षी

नेपालको संविधानको धारा ४६ एवं धारा १३३(२) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र पर्ने प्रस्तुत रिट निवेदनको संक्षिप्त विवरण यस प्रकार छः-

**<u>तथ्य खण्ड</u>**

1. राजनैतिक दलहरू लोकतन्त्रका मेरूदण्ड हुन्। राजनैतिक दलहरू बिना राजनैतिक प्रतिस्पर्धा हुन सक्दैन। राजनैतिक प्रतिस्पर्धा बिना गरिने शासन अलोकतान्त्रिक हुन्छ। हामी सम्पूर्ण निवेदकहरू लोकतन्त्र, संवैधानिक सर्बोच्चता र कानूनको शासनमा विश्वास राख्ने नेपाली नागरिक एवं मतदाता हौं। नेपालको संविधानको भाग २९ को धारा २६९ देखि २७२ मा राजनीतिक दल सम्बन्धी व्यवस्था गरिएकोमा धारा २६९(२) ले कानून बमोजिमको कार्यविधि पुरा गरी निर्वाचन आयोगमा दल दर्ता गराउनु पर्ने अनिवार्य शर्त तोकेको छ। धारा २६९ को उपधारा ४(क) ले राजनैतिक दलको विधान र नियमावली लोकतान्त्रिक हुनु पर्ने

व्यवस्था गरेको छ। धारा २६९ को उपधारा ४(ग) ले दलको विभिन्न तहका कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिबिम्बित गर्ने गरी समावेशी प्रतिनिधित्वको व्यवस्था गरिएको हुनु पर्दछ भनी अनिवार्य शर्त तोकेको छ। साथै धारा ३८(४) ले राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हकलाई मौलिक अधिकारको रुपमा संरक्षित गरेको छ। त्यसरी नै राजनैतिक दल सम्बन्धी ऐन, २०७३ को दफा १५(४) मा दलको सबै तहको समितिमा कम्तिमा एक तिहाई महिला सदस्य हुनु पर्ने किटानी व्यवस्था गरेको छ। उक्त ऐनको दफा १५(३) ले समानुपातिक समावेशी सिद्धान्तलाई कानूनी रुप दिएको छ। त्यसरी नै उक्त ऐनको दफा १०(४) ले कुनै पनि राजनैतिक दल एकीकरण वा गाभिएका खण्डमा उक्त ऐनले तोकेका शर्त पुरा हुनु पर्ने छ र त्यस्ता शर्त पुरा भए पछि मात्रै एकीकरण वा गाभिएको दललाई दर्ता गर्न सकिने व्यवस्था गरेकोमा उक्त संवैधानिक एवं कानूनी प्राबधानको उलङ्घन गरी विपक्षी निर्वाचन आयोगले नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीचमा एकीकरण भई बनेको नेपाल कम्युनिष्ट पार्टीलाई मिति २०७५।२।२३ गते दर्ता गरेको अवस्था छ।

2. राजनैतिक दल सम्बन्धी ऐन, २०७३ ले पनि अन्तरिम विधानको परिकल्पना गरेको छैन। संविधान र उक्त ऐन दुबैले राजनैतिक दलको विधानलाई दल दर्ताका लागि अनिवार्य शर्तका रुपमा राखेका छन्। उदाहरणका लागि उक्त ऐनको दफा ५, ६, ८ र १५ समेतमा भएको व्यवस्थालाई हेरेको खण्डमा पनि उक्त कुरा प्रस्ट हुन्छ। प्रस्ट कानूनी व्यवस्था हुँदा हुँदै पनि विपक्षी नेपाल कम्युनिष्ट पार्टीको दर्ता केवल "अन्तरिम विधान" का आधारमा गरिएको छ जुन पूर्णतः संविधान र कानून प्रतिकूल छ। अतः संविधान र कानूनले निर्दिष्ट गरेको ३३ प्रतिशत महिलाको सहभागिता सो दलको केन्द्रीय कमिटि, पोलिट ब्युरो, स्थायी कमिटि, र केन्द्रीय सचिवालय लगायत कुनै पनि पार्टीको तह र निकायमा नभएको अवस्थामा दल दर्ता गर्न नसकिनेमा विपक्षीले संविधानको धारा ३८, ४६, १३३(२), २६९, एवं २७२ र राजनैतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५, ६, ८, १०(४), १५(३) र १५(४) समेतको परिपालना नगरी नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीचमा एकीकरण भई बनेको नेपाल कम्युनिष्ट पार्टीलाई ३३ प्रतिशत महिला सहित पार्टीका सबै तहमा समावेशी प्रतिनिधित्व हुने गरी दल दर्ता गर्नु भनी र अन्य सम्पूर्ण राजनैतिक दलहरूका सम्बन्धमा पनि सोही बमोजिम गर्नु भनी उत्प्रेषण, परमादेश लगायत जे

जो चाहिने आदेश जारी गरी पाउँ भन्ने बेहोराको निवेदक इन्दु तुलाधर समेतको यस अदालतमा परेको निवेदन पत्र।

3. यसमा, के कसो भएको हो? निवेदकको मागबमोजिम उत्प्रेषणको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुन नपर्ने मनासिब आधार, कारण र प्रमाण भए सो समेत खुलाई सूचना, म्याद प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र विपक्षीलाई महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेश गर्न भनी यो आदेश र निवेदन पत्रको प्रतिलिपिसमेत साथै राखी विपक्षीको नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नू र प्रस्तुत निवेदनको विषयवस्तुको प्रकृति हेर्दा नेपालको संविधानको धारा ३८(४), २६९(४)(ग) तथा राजनीतिक दल दर्ता सम्बन्धी ऐन, २०७३ को दफा १५(४) को व्याख्याको प्रश्न समावेश भएको हुँदा यसको यथाशीघ्र निर्णय हुन उपयुक्त देखिएकोले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७३ बमोजिम अग्राधिकार प्रदान गरिदिएको छ भन्ने बेहोराको यस अदालतबाट मिति २०७५।३।३ मा भएको आदेश।

4. नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) नेपालको संविधानको धारा २६९ बमोजिम आयोगमा दर्ता रहेका पुराना दल हुन्। यी दुई दलहरु बीचमा एकीकरण भएको हो। एकीकरणका लागि कानूनका अधिनमा रही दलहरु बीच एक आपसमा भएको सहमति तथा सम्झौतालाई महत्वपूर्ण मानिन्छ। राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा १० मा उल्लेखित कार्यविधि पुरा गरी आएका दलहरुलाई आयोगले दल एकीकरण गर्ने निर्णय गरी अभिलेख गर्ने गर्दछ। आयोगमा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४ बमोजिम दर्ता भइसकेको दलहरु बीच एकीकरण हुने कानूनी व्यवस्था छ। यो व्यवस्था राजनीतिक दल सम्बन्धी ऐन, २०७३ ले गरेको विशेष व्यवस्था हो। ऐन आउनु पूर्व दर्ता भई स्वतः दर्ता कायम भएका नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) बीच ऐनको दफा १० ले गरेको व्यवस्था बमोजिम एकीकरण भएको हो। अतः साविकमा दर्ता रहेका दल एकीकरण हुनु र नयाँ दल दर्ता हुने प्रकृया तथा कार्यविधि फरक हुनु स्वभाविक भएकोले यथासमयमा संवैधानिक र कानूनी शर्त पूरा गर्न कवुलियत गरेका, दलहरु बीचमा भएको एकीकरणलाई अन्यथा मान्न नसकिने भएकोले रिट निवेदन खारेज गरी पाउँ।

5. रिट निवेदकको मागदावी रहेको महिलाको ३३ प्रतिशत सहभागिता लगायतका समानुपातिक समावेशी सिद्धान्त बमोजिम सबै तहको समितिको संरचना हुनुपर्ने विषयलाई हेर्दा नेपाल कम्युनिष्ट पार्टीको केन्द्रीय कार्य समितिको संरचना तदर्थ रहेको छ। यी दुई दल

राजनीतिक दल सम्बन्धी ऐन, २०७३ लागू हुनु पूर्व स्वतः दर्ता कायम रहेका दल भएकोले दलको महाधिवेशनबाट मात्र कानूनी व्यवस्था बमोजिमको शर्त पूरा गर्न सकिने भनी कबुलियत गरेका दल भएका र एकीकरण हुनुभन्दा पूर्वको केन्द्रीय समितिका सदस्य मध्येबाट नै हालको केन्द्रीय समितिमा पदाधिकारी तथा सदस्यहरु समावेश गरी तदर्थ कार्य समिति बनाई एकीकरणका लागि आयोगमा निवेदन पेश गरेकोले आयोगले कानून बमोजिम एकीकरण गरी अभिलेख अध्यावधिक गर्ने निर्णय गरेको हो। समानुपातिक समावेशी लगायत दलको सबै तहको समितिमा महिलाको ३३ प्रतिशत प्रतिनिधित्व गराउनु पर्ने कानूनी व्यवस्था पालना नगर्ने आयोगको मनसाय नभएकोले आयोगले मिति २०७५।३।२३ मा सबै राजनीतिक दलहरुलाई ३३ प्रतिशत महिला सहित अन्य कानूनको शर्त पूरा गर्न पत्र लेखि पठाउने निर्णय गरे अनुसार पत्राचार समेत भैसकेको हुँदा विपक्षीको रिट निवेदन खारेज गरी पाउँ भन्ने बेहोराको विपक्षी निर्वाचन आयोगको तर्फबाट पेश भएको लिखित जवाफ।

## आदेश खण्ड

६. नियम बमोजिम दैनिक पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री सुरेन्द्र भण्डारी, निवेदक तथा अधिवक्ता श्री ईन्दु तुलाधर र अधिवक्ता श्री भद्र प्रसाद नेपालले राजनैतिक दलहरू लोकतन्त्रका मेरूदण्ड हुन्। नेपालको संविधानको भाग २९ को धारा २६९ देखि २७२ मा राजनीतिक दल सम्बन्धी व्यवस्था गरिएको छ। संविधान बमोजिम कुनै पनि दलको विभिन्न तहका समितिमा समावेशी प्रतिनिधित्वको व्यवस्था हुनु पर्ने शर्त तोकेको छ। धारा ३८(४) ले महिलाले समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यका निकायमा सहभागी हुन पाउने हकलाई मौलिक अधिकारको रुपमा कायम गरिएको छ। राजनैतिक दल सम्बन्धी ऐन, २०७३ मा दलको सबै तहको समितिमा कम्तिमा एक तिहाई महिला सदस्य हुनु पर्ने किटानी व्यवस्था गरेको छ। उक्त ऐनले राजनैतिक दलहरु गाभिएका खण्डमा तोकेका शर्त पुरा भएपछि मात्रै एकीकरण वा गाभिएको दललाई दर्ता गर्न सकिने व्यवस्था गरेको छ। उक्त संवैधानिक एवं कानूनी प्रावधानको उलङ्घन गरी विपक्षी निर्वाचन आयोगले नेपाल कम्युनिष्ट पार्टी (ने क पा) लाई मिति २०७५।२।२३ मा दल दर्ता गरेको छ। विपक्षी निर्वाचन आयोगको सो कार्य बदर गरी कानूनले तोकेका सम्पूर्ण शर्तहरु पुरा गर्न लगाएर नेपाल कम्युनिष्ट पार्टी लगायत उक्त कानूनी र संवैधानिक व्यवस्था पालना नगरी दर्ता भएका सबै राजनैतिक दलहरूलाई संवैधानिक र कानूनी प्रकृया एवं शर्त पुरा गर्न लगाई ३३

प्रतिशत महिला प्रतिनिधित्व सुनिश्चित गर्नु भनी उत्प्रेषण, परमादेश लगायत जे जो चाहिने आदेश जारी गरी पाऊँ भनी बहस गर्नुभयो।

7. विपक्षी निर्वाचन आयोगको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री विदुर कुमार कार्कीले नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) नेपालको संविधानको धारा २६९ बमोजिम आयोगमा दर्ता रहेका पुराना दल हुन्। यी दुई दलहरुको बीचमा एकीकरण भएको हो। हाल नेपाल कम्युनिष्ट पार्टी संक्षिप्तमा नेकपाको तर्फबाट अधिकार प्राप्त तत्कालिन अध्यक्ष तथा हाल संयोजक रहेको राजनीतिक दल र आफ्नो समेतको हकमा ऋषिराम कट्टेल वि. निर्वाचन आयोग समेत भएको उत्प्रेषण/ परमादेशको रिट निवेदनमा यस अदालतबाट मिति २०७७।११।२३ मा नेपाल कम्युनिष्ट पार्टी संक्षिप्तमा नेकपा नाम गरेको पार्टी निर्वाचन आयोगमा पहिला दर्ता भैसकेको अवस्थामा सोही दर्ता भैसकेको पार्टीसँग नाम मिल्ने गरी नयाँ पार्टी दर्ता गरेको विपक्षी मध्येका निर्वाचन आयोगको मिति २०७५।०२।२३ को निर्णय समेत उत्प्रेषणको आदेशबाट बदर भई हाल मिति २०७५।२।२३ मा एकिकरण भएका नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) साबिककै राजनीतिक दलको अवस्था कायम भैसकेको हुँदा उक्त पार्टीहरु एकिकरण हुँदा ३३ प्रतिशत प्रतिनिधित्व नभएकोले सो गराई पाउँ भन्ने रिट निवेदनको औचित्य समाप्त भई सकेको छ। समानुपातिक समावेशी लगायत दलको सबै तहको कार्य समितिमा महिलाको ३३ प्रतिशत प्रतिनिधित्व गराउनु पर्ने कानूनी व्यवस्थाको पालना गराउन कै लागि आयोगले मिति २०७५।३।२३ मा सबै राजनीतिक दलहरुलाई ३३ प्रतिशत महिला सहित अन्य कानूनको शर्त पूरा गर्न पत्र लेखी पठाउने निर्णय समेत गरी सकेको हुँदा विपक्षीको रिट निवेदन खारेज गरी पाउँ भन्ने बेहोराको बहस गर्नुभयो।

8. अब निवेदन माग बमोजिमको उत्प्रेषण समेतको आदेश जारी हुनु पर्ने हो, होईन? भन्ने विषयमा नै निर्णय दिनुपर्ने देखियो।

9. निर्णयतर्फ विचार गर्दा, सर्वप्रथम रिट निवेदकले नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीचमा एकीकरण भई बनेको एकिकृत पार्टी नेपाल कम्युनिष्ट पार्टी (ने क पा) र संक्षिप्त नाममा (ने क पा) को दर्ता हुने क्रममा केन्द्रीय कमिटीमा ३३ प्रतिशत संख्या नपुगेको हुँदा सो राजनैतिक दलको दर्ता गर्ने निर्वाचन आयोगको निर्णय कानून विपरित भएको हुँदा नेपाल कम्युनिष्ट पार्टीको दर्ता बदर गरी सो पार्टीको सबै तहमा ३३% महिला प्रतिनिधित्व गरी पाउँ भनी लिएको निवेदन जिकिर सम्बन्धमा हेर्दा प्रस्तुत रिट निवेदन आजको मितिमा सुनुवाई हुँदाको बखत ने.क.पा. (एमाले) र माओवादी केन्द्र बीचको

एकीकरण गरी बनेको दल नेपाल कम्युनिष्ट पार्टी (ने क पा) दर्ता गर्ने गरी निर्वाचन आयोगबाट मिति २०७५।२।२३ मा भएको निर्णय, सो दलको अन्तरिम विधान तथा एकिकृत दल दर्ता गर्ने कार्य समेत नेपाल कम्युनिष्ट पार्टी संक्षिप्तमा नेकपाको अध्यक्ष ऋषिराम कट्टेल वि. निर्वाचन आयोग समेत भएको ०७५-WO-०५१७ नं. को उत्प्रेषण/परमादेशको रिटबाट बदर गर्ने यस अदालतबाट मिति २०७७।११।२३ मा फैसला भई साविक बमोजिमको दलहरु नै क्रियासिल भएको परिप्रेच्छ्यमा रिट निवेदनमा उल्लेख भएको विषय मध्ये नेपाल कम्युनिष्ट पार्टी (ने क पा) को दल दर्ता गर्दा केन्द्रीय कार्यसमिति लगायतमा महिलाहरुको ३३ प्रतिशत समावेशिता भएन भन्ने विषय तर्फ विवेचना गर्नुपर्ने अवस्था देखिन आएन।

10. निर्वाचन आयोगले दल दर्ता तथा एकीकरणको सम्बन्धमा नेपालको संविधान तथा कानूनमा उल्लेख भए अनुसार सबै तहको कार्य समितिमा ३३% महिला हुनु पर्ने र सबै तहमा समावेशीकरणको पालना भए नभएको जाँच गरेर मात्र निर्वाचन आयोगले दल दर्ता गर्नुपर्ने भनी रिट निवेदनमा उल्लेखित विषयमा विवेचना हुनु आवश्यक देखिन्छ। नेपालको संविधानको प्रस्तावना तथा धारा ४ ले समावेशीकरणलाई राज्यको विशेषताको रुपमानै स्थापित गरेको छ। नेपालको सबै नागरिकले राज्यको सबै निकायमा समान रुपमा पहुँच स्थापित गर्ने र समान पहुँचको मौका दिँदा समेत पछाडी पर्ने अवस्थामा सबै नागरिकलाई सक्षम बनाई संग संगै अगाडी बढाउने मुख्य उद्देश्यले समावेशीकरणलाई संविधानले आत्मसाथ गरेको देखिन्छ। नेपालको संविधानको प्रस्तावनामा **"आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गर्दै जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रीक शासनप्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिक मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेश स्वतन्त्रता तथा स्वतन्त्र,निष्पक्ष र सक्षम न्यायपालिका र कानूनी राज्यको अवधारणा लगायतका लोकतान्त्रीक मुल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिवद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने"** भन्ने संकल्प गरेको पाईन्छ।प्रस्तावनामा उल्लेख गरिएको समानुपातिक समावेशीकरणको विषय राज्यको समृद्धि र समाजवाद प्राप्त गर्ने लक्ष्य प्राप्तिको एउटा माध्यमको रुपमा राखी त्यसतर्फ प्रस्थान गर्नु भन्ने गरी मार्ग निर्देशन भएको भन्ने स्पष्ट हुन्छ। यसको कार्यान्वयनको लागि संविधानको विभिन्न धाराहरुमा समावेशीकरणको विधिमा एकरुपता गरिएको छैन। संविधानमा नै भिन्न भिन्न तरिकाबाट समावेशीकरण गर्न सकिने व्यवस्था गरेको पाइन्छ। मौलिक हकको रुपमा नेपालको

संविधानको धारा ४२ (१) ले ***"आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, अपांगता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ"*** भन्ने व्यवस्था गरेको छ। यस धारामा प्रयुक्त सामाजिक न्याय मूलत आर्थिक सामाजिक र शैक्षिक दृष्टिले पछाडि परेको वर्गमा केन्द्रीत भएको पाइन्छ। उक्त धारामा उल्लेख भएको सामाजिक न्यायको सिद्धान्तको प्रयोग सबै अवस्थामा समान रुपमा लागू हुन सक्दैन र संविधानले समेत निरपेक्ष रुपमा यसलाई लागू गर्नु भनी बाध्य गरेको मात्र मिल्दैन। उक्त विषय वस्तुगत सापेक्षता र प्रसंग बमोजिम निर्भर रहन्छ। संविधानले नै निश्चित योग्यता तोकेको राज्यको निकायमा नियुक्तिका लागि यस धारामा उल्लेख भएको किसान वा श्रमिक वा अन्य कुनै समूहको व्यक्ति उपयुक्त नहुन सक्छ तर राज्यले समग्रता विचार गरी सबै समूहका व्यक्तिलाई राज्यको सार्वजनिक प्रशासन वा शासकीय निकायमा योग्यता, क्षमता र औचित्यताको आधारमा सामाजिक न्याय सुनिश्चित गर्नु अनिवार्य हुन्छ।

11. नेपालको संविधानले समावेशीकरणको सम्बन्धमा निरपेक्ष रुपमा र एकै प्रकारको समावेशीकरणको व्यवस्था नगरी फरक फरक अवस्थामा फरक फरक रुपमा यसको कार्यान्वयन गर्नु पर्ने व्यवस्था गरेको छ। संविधानको धारा ४२ को व्यवस्था मौलिक हकको रुपमा राखिएको भएता पनि यो व्यवस्थाले कुनै व्यक्तिको हकको सृजना गर्दैन तर यसले सो धारामा उल्लेख भएको प्रत्येक समूहका व्यक्तिहरुलाई राज्यले समान रुपमा अगाडि बढाउने नीति तथा कानून निर्माण गर्दा अनिर्वाय रुपमा सम्बोधन गर्नु पर्ने गरी संविधानले बाध्य बनाएको मान्नु पर्दछ।

12. समावेशीकरणको सम्बन्धमा नेपालको संविधानले व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका संवैधानिक निकाय र राजनैतिक दलको सम्बन्धमा भिन्न भिन्न व्यवस्था गरेको पाइन्छ। संविधानको धारा ७० मा राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिङ्ग र समुदायको हुनु पर्ने व्यवस्था गरिएको छ तर धारा ७६ को उपधारा (९) बमोजिम संघीय मन्त्रिपरिषद् र धारा १६८(९) बमोजिम प्रदेश मन्त्रीपरिषद्को गठन गर्दा समावेशी सिद्धान्त बमोजिम गठन गर्नु पर्नेछ भन्ने व्यवस्था गरेको पाइन्छ, तर संविधानको धारा २१५(४) र २१६(४) मा उल्लेख भए बमोजिम स्थानिय गाउँ तथा नगरपालिका गठन सम्बन्धमा र धारा २२०(३) बमोजिम जिल्ला समन्वय समितिमा महिलालाई अनिवार्य गरी दलित वा

अल्पसंख्यक मध्येबाट कुनै एकलाई समावेशीकरणको सिद्धान्त बमोजिम गाउँ सभा वा नगर सभाले निर्वाचित गर्ने व्यवस्था गरेको पाइन्छ।

13. नेपालको संविधानले सबैतहको व्यवस्थापिकामा समावेशीकरणलाई प्राथमिकता दिएको देखिन्छ। संविधानको धारा ८४(२) मा प्रतिनिधि सभाको लागि र धारा १७६(६) मा प्रदेश सभाको लागि समानुपातिक निर्वाचन प्रणाली तर्फ जनसंख्याको आधारमा महिला दलित आदिवासी जनजाती, खस आर्य, मधेशी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र समेतबाट राजनैतिक दलले उम्मेदवारी दिनुपर्ने व्यवस्था गरेको छ। उल्लेखित समावेशी व्यवस्थाले धारा ४२ लाई पुरै समेटेको पाइदैन। यस भित्र किसान, श्रमिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक तथा उत्पिडित जनताको विषय समावेश भएको पाइदैन। धारा ८४(२) र १७६(६) मा प्रयोग भएको जनसंख्या भन्ने शब्दले प्रतिनिधि सभाको हकमा समग्र मुलुकको जनसंख्यालाई र प्रदेशको हकमा प्रदेश भित्रको जनसंख्याको अनुपातमा मात्र लागू हुने गरी प्रदेश सभा निर्वाचन ऐन तथा नियमावलीमा व्यवस्था भई सोही बमोजिम नै प्रदेश सभा गठन भएको पाइन्छ। अन्य कुराको हकमा जनसंख्याको अनुपात उल्लेख भएता पनि संविधानको धारा ८४(८) र १७६(९) ले संघीय संसद र प्रदेश सभामा एकतिहाई महिला सुनिश्चित हुने गरी महिला सदस्य निर्वाचित हुने व्यवस्थालाई अनिवार्य गरिएको छ। जसले गर्दा जनसंख्याको अनुपातको विषय लक्ष्यको रुपमा उल्लेख भई प्रस्थान विन्दु एक तिहाई प्रतिनिधित्वबाट गरिएको भन्ने देखिन्छ।

14. संविधानको धारा ८६(२) ले राष्ट्रिय सभामा निर्वाचित गर्दा महिला, दलित, अल्पसंख्यक वा अपाङ्गता भएका व्यक्ति सहित निर्वाचित हुने व्यवस्था गरेको छ। स्थानिय व्यवस्थापिका गठन सम्बन्धमा धारा २२२ र २२३ ले गाउँ र नगरपालिकामा निर्वाचन महिला र दलित वा अल्पसंख्यक समुदायका व्यक्ति गाउँ वा नगर व्यवस्थापिका अर्थात गाउँसभा वा नगरसभाको सदस्य हुने व्यवस्था गरेको छ। त्यसैगरी धारा ९१(२) ले प्रतिनिधि सभाको र धारा १८२(२) ले प्रदेश सभाको सभामुख र उपसभामुख मध्ये एकजना महिला हुने व्यवस्था गरेको छ भने धारा ९२(२) ले राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्ष मध्ये एक जना महिला हुनुपर्ने व्यवस्था गरेको छ। संविधानको धारा २८३ मा संवैधानिक अङ्ग र निकायको पदमा नियुक्ति गर्दा र धारा २८२(१) बमोजिम राजदुत र विशेष प्रतिनिधि नियुक्ति गर्दा समावेशी सिद्धान्त बमोजिम गर्नुपर्ने उल्लेख गरेको छ।

15. संविधानले न्यायपालिकाको सम्बन्धमा समावेशिताको विषयमा बोलेको नभएता पनि न्याय परिषद् ऐन, २०७३ को दफा ५ ले समानुपातिक समावेशीकरणको सिद्धान्त बमोजिम

न्यायाधीश नियुक्ति गर्ने उल्लेख छ। उक्त कानूनमा उल्लेख भएको समानुपातिक समावेशी शब्दको अर्थ नेपालको कूल जनसंख्यालाई आधार मानेको नभई न्यायाधीशको पदमा नियुक्तीको लागि योग्यता भएका व्यक्तिहरुबाट समानुपातिक समावेशीकरणको माध्यमले नियुक्ति गर्नु पर्छ भन्ने नै हो।

16. उपरोक्त संवैधानिक एवं कानूनी व्यवस्थाको आधारमा नेपालको संविधान तथा कानूनले समावेशी सिद्धान्तलाई अङ्गिकार गरेको कुरामा कुनै विवाद देखिँदैन। समावेशीता राज्यको सबै निकायमा अनिवार्य रुपमा हुनु पर्दछ। उल्लेखित व्यवस्था हेर्दा संविधानको धारा ४२ (१) मा उल्लेखित सबै समूहको व्यक्तिको उपस्थिति राज्यका सबै निकायमा अनिवार्य हुनुपर्ने नभई सापेक्षताको आधारमा उपयुक्त राजकिय निकायहरुमा प्रतिनिधित्व गरिनु अनिवार्य हुन्छ।

17. नेपालको संविधानले महिलाको सम्बन्धमा अन्य समूहका व्यक्तिलाई भन्दा पृथक व्यवस्था गरेको पाइन्छ। संविधानको धारा ३८(४) ले राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागि हुने हकलाई मौलिक हकको रुपमा संरक्षित गरेको छ भने राजनैतिक दल सम्बन्धी ऐन, २०७३ को दफा १५(४) मा दलको सबै तहको समितिमा कम्तिमा एक तिहाई महिला सदस्य हुनुपर्ने व्यवस्था गरेको छ। यो व्यवस्था विशेष व्यवस्था हो। प्रतिनिधि सभाको निर्वाचन, राष्ट्रिय सभाको निर्वाचन र प्रदेश सभाको निर्वाचन तथा स्थानिय तहको निर्वाचनमा उम्मेदवार उठाउने काम दलले गर्ने हुँदा दलमा महिला सहभागिता गराउनु र दलमा समावेशीकरण गर्नु राजनैतिक हिसाबले मात्र नभई संवैधानिक हिसाबले समेत अनिवार्य रहेको देखिन्छ।

18. नेपालको संविधानको धारा २६९ देखि २७२ सम्ममा राजनैतिक दलको सम्बन्धमा संवैधानिक व्यवस्था गरेको देखिन्छ। संविधानको धारा २६९(२) ले कानून बमोजिम निर्वाचन आयोगमा दल दर्ता गराउनु पर्ने र धारा २७१ ले निर्वाचन प्रयोजनका लागि निर्वाचन आयोगमा दल दर्ता हुनुपर्ने व्यवस्था गरेको देखिन्छ। संविधानको धारा २६९ को उपधारा (४) को खण्ड (क) ले राजनैतिक दलको विधान र नियमावली लोकतान्त्रिक हुनुपर्ने र धारा २६९ को उपधारा ४(ग) मा ***"दलको विभिन्न तहका कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिबिम्बित गर्ने गरी समावेशी प्रतिनिधित्वको व्यवस्था गरिएको हुनु पर्छ"*** भन्ने व्यवस्था गरेको छ। **नेपालको संविधानको धारा १७ को उपधारा (२) ले प्रत्येक नागरिकलाई विचार तथा अभिव्यक्ति स्वतन्त्रता हुने व्यवस्था गरेको छ भने राजनैतिक दल खोल्ने स्वतन्त्रता पनि सुनिश्चित गरिएको छ। राजनैतिक दल खोल्ने स्वतन्त्रता भित्र कुनै राजनैतिक दलको**

सदस्य हुने वा नहुने स्वतन्त्रता व्यक्तिमा अन्तरनिहित हुन्छ। कुनै व्यक्तिलाई निजको ईच्छा विपरित राजनीतिक दल खोल्न वा दलको सदस्यता बनाउन बाध्य गराउन मिल्दैन। धारा २६९ को उपधारा (४) को खण्ड (क) मा उल्लेख भएको राजनैतिक दलको विधान लोकतान्त्रिक हुनुपर्दछ भन्नुको अर्थ राजनैतिक दलको नीति सिद्धान्त र कार्यक्रममा सहमत हुने नागरिक सो दलको सदस्य हुन सक्छ। यसरी दल विशेषको सदस्य रहेका व्यक्तिहरुबाट बहुमतले सो दलको कार्यकारी नेतृत्व छनोट गरी नियन्त्रण र सन्तुलनमा राख्ने व्यवस्था गरी विधि सम्मत तरिकाले दललाई संचालन गर्ने कुरालाई निर्देशित गरिएको हो। संविधान वा कानूनले नागरिकलाई कुनै दलको सदस्य हुने गरी बाध्य बनाउन सक्दैन। कानूनले कुनै राजनैतिक दलमा सदस्य हुन धारा ४२ मा उल्लेखित समुदायका व्यक्तिलाई अनिवार्य गर्न मिल्दैन यस्तो अवस्थामा दलभित्रको समावेशीकरण मूलत दलका सदस्यहरुको समानुपातिकको आधारमा मात्र हुन सक्दछ।

19. दलको सदस्यको रुपमा नेपालको संविधानको धारा ४२(१) मा उल्लेख भएको सबै समूहबाट सदस्य भएको अवस्थामा यस्तो समूहबाट कार्य समितिमा प्रतिनिधित्व हुने गरी विधानमा व्यवस्था गर्नु प्रत्येक राजनैतिक दलको कर्तव्य हुन आउछ।यसको अर्थ दलको सम्पूर्ण पदहरुनै सदस्य संख्याको आधारमा समावेशीकरण गर्ने भन्ने नभई खुला क्षेत्र र समावेशी क्षेत्र छुट्याउन दलको अधिकार संकुचन गरेको भन्ने हैन। महिलाको सम्बन्धमा समेत दलको सदस्य हुन महिलालाई कानूनले अनिवार्य गर्न सक्दैन। स्वतस्फुर्त रुपमा कुनै राजनीतिक दलमा महिलाहरु पनि आबद्ध रहेका छन् भने दलको सदस्यको समानुपातिक आधारमा महिलाहरुलाई केन्द्रीय, प्रदेश, जिल्ला वा स्थानिय कार्य समितिमा अनिवार्य समावेश गर्नु पर्दछ। महिला सदस्यहरुको अनुपात पार्टी सदस्यतामा पुरुषको तुलनामा न्यून रहेको छ भने पनि पार्टीमा उपलब्ध भएका महिलाहरुबाट एक तिहाई पदहरु महिलाको लागि अनिवार्य रुपमा छुट्ट्याई सो पदहरुमा सदस्यताको अनुपातमा समानुपातिक समावेशीकरणको सिद्धान्तलाई अनिवार्य रुपमा लागु हुने व्यवस्था मिलाउनु राजनैतिक दलको कर्तव्य हुन आउँछ।

20. राज्यका हरेक निकाय तथा राजनीतिक दल गठन गर्दा समावेशी बनाउनु पर्ने मान्यता सरसर्ती हेर्दा नेपालको संविधानको धारा १८ मा उल्लेखित समानता सम्बन्धी मौलिक हकको प्रतिबन्धात्मक वाक्यांशले समेत पुष्टि गरेको देखिन्छ। नेपालको संविधान तथा अन्य कानूनमा समावेशीताको सिद्धान्तलाई उक्त मौलिक हकको प्रतिकूल नभई सोही मौलिक हकलाई अझ सार्थक बनाउनको लागि आर्थिक, सामाजिक, शैक्षिक र भौगोलिक आधारमा

राज्यको मूल प्रवाहमा आउन नसकेको वर्गलाई मूल प्रवाहमा ल्याउने उद्देश्यको रुपमा लिनु न्यायोचित हुन्छ। समानताको सिद्धान्तले समानहरुका बीचमा समान प्रतिस्पर्धाको अपेक्षा गर्दछ। विविध कारणले राज्यको मूल प्रवाहबाट बाहिर रहेको वर्गलाई प्रतिस्पर्धी बनाउनु अन्ततः राज्यकै दायित्व हो। संविधानको धारा १८(३) मा ***"सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन"*** भन्ने व्यवस्थाले प्रष्ट गरेको देखिन्छ।यो व्यवस्थाले समावेशीकरणको सम्बन्धमा माथि विवेचित संविधानको कार्यान्वयनमा थप जोड दिने कुरामा स्पष्ट रहेको देखिन्छ।

21. अतः माथी विवेचित आधार र कारणहरुबाट नेपालको संविधानको धारा २६९ ले दलहरु दर्ता गर्ने र धारा २७१ ले निर्वाचन प्रयोजनका लागि दल दर्ता गर्ने अधिकार दुवै निर्वाचन आयोगलाई दिएको अवस्थामा दलहरुले उल्लेख गरे बमोजिम सदस्यतामा आधारित भई संविधानको धारा ४२(१) मा उल्लेख भएको क्लस्टरहरुबाट समावेशीकरण हुने व्यवस्था समावेशीको लागि निर्धारित संख्या गरेको छ छैन, केन्द्रीय समिति प्रदेश समिति, जिल्ला समिति वा स्थानिय समितिमा ३३% पद महिलाको लागी सुरक्षित गरिएको छ वा छैन भन्ने हेरी दल दर्ता गर्नू, गराउनू र साविकमा दर्ता भैरहेका दलको हकमा उक्त दलको विधान बमोजिम हुने राष्ट्रिय महाधिवेशनबाट सो व्यवस्था मिलाउन लगाउनू भनी विपक्षीहरुको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ। यो आदेशको जानकारी विपक्षीहरुलाई दिई प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाईदिनू।

न्यायाधीश

उक्त रायमा म सहमत छु।

न्यायाधीश

इजलास अधिकृत(उपसचिव): नवराज जोशी

कम्प्युटर टाईप गर्नेः- कृष्णमाया खतिवडा

इति संवत् २०७७ साल चैत्र १ गते रोज १ शुभम् .............................................।